अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः- ६ संख्याः- २ मितिः-२०७९/१२/१७

## भाग-२

## पौवादुङमा गाउँपालिका

**<u>प्रस्तावनाः</u>** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उप दफा (ण) ६ मा भइङ्को पशु नश्ल सधार पद्धतिको विकास र व्यवस्थापन गर्न पौवादुङमा गाँउपालिका,गाँउकार्यपालिकालाइ प्राप्त अधिकार क्षेत्र भित्र रहेर यस पालिका भित्र का सवै वडामा पशु नस्ल सुधार गर्न अनिवार्यता भइको हुदा पशु नश्ल सुधारलाई व्यवस्थित गर्दै दिगो विकासका लक्ष्यहरु पुरा गर्न पशुज्य उत्पादन र उत्पादकतव बृदि गर्न ,कृतिम गर्भधारण कार्यको नियमितता र अनिवार्यता गरि समग्र विकास लक्ष्य तथा सेवा प्रवाहको सुनिश्चितताका लागिआर्थिक विकास एक अपरीहार्य अनि अनिवार्य पक्ष हो। यस कार्यका लागि उन्नतजातीय नश्ल सुधार तथा व्यवसायीक पशुपालन गरी दिगो र सम्मुनत समाजनिर्माण गर्न अति आवश्यक छ। यस गाउँपालिका भित्र आर्थिक विकासको मेरुदण्डको रुपमा रहको पशुपालन व्यवसायलाई थप दिगो तथा नाफामुखीवनाउन पशुपालनमा कृतिम गर्भाधान प्रविधिलाई निशुल्क रुपमा सेवा पुर्याई कृषक महानुभावहरुको जीविकोपार्जनमा सुधार ल्याई सम्मुनत आर्थिक दिगोविकासका लागि “पौवादुङमा गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५” यस

गाउँपालिका भित्रका सम्पूर्ण कृषक वर्गमा पशुपालन सम्वन्धिसेवा सुविधा सुनिश्चिताका लागि **“कृतिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** ”जारी गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “कृतिम गर्भाधानकार्यक्रम सञ्चालन कार्यविधि, २०७९”रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

**(क) “गाउँपालिका”**भन्नाले पौवादुङमा गाउँपालिका भोजपुरलाई सम्झनु पर्छ ।

**(ख) “कार्यपालिका”**भन्नाले पौवादुङमा गाउँ कार्यपालिका भोजपुरलाई सम्झनुपर्छ ।

**(ग) “अध्यक्ष”**भन्नाले पौवादुङमा गाउँपालिका अध्यक्ष भन्ने सम्झनुपर्दछ ।

**(घ) “उपाध्यक्ष”** भन्नाले पौवादुङमा गाउँपालिका उपाध्यक्ष भन्ने सम्झनुपर्दछ ।

**(ङ) “प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले पौवादुङमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ ।

**(च) “स्थानीय सरकार”** भन्नाले पौवादुङमा गाउँपालिका वा नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनुपर्दछ ।

**(छ) “प्रशासकीय कार्यविधि”** भन्नाले पौवादुङमा गाउँपालिका प्रशासकीय कार्यविधि २०७५ सम्झनुपर्छ ।

**(छ) “कृतिम गर्भाधान Artificial Insemination”** भन्नाले पशुपालनमा गरिने कृतिम गर्भाधान प्रकृयालाई सम्झनुपर्दछ ।

(ज) **“कृषक**” भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायी बसोबास गर्नेसम्पुर्ण कृषकलाई सम्झनुपर्छ ।

**(झ) “कृषक समुह”** भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सोभन्दा अघि विषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झनुपर्दछ ।यसमा विभिन्न समुह सेवाका समेतलाई जनाउदछ ।

**(ञ) “पशुपंक्षी”** भन्नाले घरपालुवा रुपमा पालिने सम्पुर्ण जनावरलाई सम्झनुपर्छ यसमा कुकुर तथा हाँस र अन्य पशुवा पंक्षी समेतलाई जनाउदछ ।

**(ट) “पशुपंक्षीसेवा इकाई**” भन्नाले पौवादुङमा गाउँपालिका पशुपंक्षी सेवा इकाईलाई सम्झनु पर्छ ।

(ठ) **“इकाई प्रमुख”** भन्नाले पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपंक्षी सेवा इकाई सम्झनुपर्दछ ।

(ड) “**पशुसेवा प्राविधिक”** भन्नाले पौवादुङमा गाँउपालिकामा नियुक्त भएका पशु प्राविधिकहरु साथै करारमा नियुक्त भएका प्राविधिक सम्झनु पर्दछ ।

(ढ) “**उपचार सेवा**” भन्नाले पशपुालन सम्वन्धि सम्पुर्ण उपचार सेवा सम्झिनुपर्दछ ।

(ण) “**प्रस्तावना”**भन्नाले संघ, प्रदेश सरकार, स्थानीय सरकार वा अन्यविभिन्न निकायवाट आव्हान भएका सुचनाहरु समेतलाई जनाउदछ ।

**(त) “कार्यक्रम**” भन्नाले पशुपालन सँग सम्वन्धित विभिन्न कार्यक्रमहरु भन्नेसम्झनुपर्दछ ।

**(थ) “लक्षितवर्ग**” भन्नाले गाउँपालिका भित्र वसोवास गर्ने विभिन्न वर्गकाक्षमता भएका कृषकहरुलाई सम्झनुपर्दछ ।

**(द) “साझदारी”**भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथागैह सरकारी र निज स्वयम् किसान वीचको द्धिपक्षीय बहुपक्षीय सम्झौतामासञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनुपर्दछ ।

**(ध) “अनुदान”**भन्नाले संघ प्रदेश र स्थानीय तह वा अन्य सम्पुर्ण निकायवाट नियमानुसार प्रदान हुने अनुदान रकम सम्झनुपर्दछ, यसमा नगद वाजिन्सी समेतलाई जनाउदछ ।

**(न) “विषयगत निकाय”** भन्नाले पौवादुङमा गाउँपालिका पशुपंक्षी सेवा इकाइसम्झनु पर्दछ ।

**(प) “वडा”** भन्नाले यस पौवादुङमा गाँउपालिका अन्तरगतका छ वटै वडा कार्यालय सम्झनु पर्दछ।

**(फ) “ सामाग्रि”-** भन्नाले कृतिम गर्भाधानका लागि प्रयोग हुने औजार,सिमेन तथा उपकरणहरु सम्झनु पर्दछ।

**(व) “पशु चिकित्सकः”** पौवादुङमा गाँउपालिका मा स्थायी रुपमा नियक्त भएका अधिकृतस्तरको कर्मचारि सम्झनु पर्दछ।

**(भ) “निजि पाराभेट”** भन्नाले पौवादुङमा गाँउपालिका क्षेत्र भित्रका कम्तिमा जे टि ए पास गरि एग्रोभेट वा स्थानिय स्तरमा पशु उपचार गर्ने प्राविधिक भन्ने सम्झनु पर्दछ।

(म) **“कृतिम गर्भाधानकर्ता Artificial Inseminator”**भन्नाले तालिम केन्द्र बाट कम्तिमा १४ दिनको कृतिम गर्भाधान तालिम लिई प्रमाण पत्र भएको व्यक्ति सम्झनु पर्दछ ।

(य) **“कर्मचारि”** भन्नाले गाँउपालिका पशुसेवा शाखामा कार्यरत सम्पुर्ण कर्मचारि सम्झनु पर्दछ।

**३. कार्यक्रमको उद्धेश्यः**

१) गाउँपालिका भित्र आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पशुपालन व्यवसायलाई कृतिम गर्भाधानको माध्यमवाट उन्नत, व्यवसायिक र नाफामुखी वनाउने ।

२) यस गाउँपालिकामा पूर्ण रुपमा कृतिम गर्भाधानको माध्यमवाट उन्नतजातका पशुपंक्षी उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दिगो र फराकिलो आर्थिक विकास गर्ने ।

३) निरन्तर, नियमित सेवा प्रवाहको माध्यमवाट उन्नत नश्लका पशु उत्पादनमा जोड दिई उत्पादकत्वमा वृद्धि गर्ने ।

४) प्रजनन विकृतिवाट हुन सक्ने सम्भावित क्षतिलाई कम गरी उत्पादकत्वमा वृद्धि ल्याउने ।

५) कृतिम गर्भाधानको दरलाई अभिवृद्धि गरी दिगो, फराकिलो आर्थिक वृद्धिदर वढाउने ।

**४. वित्तीय स्रोत तथा प्राविधिक कर्मचारी व्यवस्थापन परीचालनः**

(२) यस गाउँपालिकामा संकलन हुने आन्तरिक राजस्व आम्दानी, वित्तियसमानिकरण अनुदान, राजस्व बाँडफाँडबाट तथा संघिय तथा प्रादेशिक निकायबाट प्राप्त हुने आर्थिक स्रोतबाट सम्पूर्ण कार्यक्रमहरुको व्यवस्थापन गरिनेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह वा अन्य निकायबाटयस सम्बन्धी रकम प्राप्त भएमा समेत सो रकमवाट खर्च व्यवस्थापन गर्न सकिनेछ ।

**५- जनशक्ति व्यवस्थापन तथा परिचालनः**

१- पौवादुङमा गाँउपालिका द्वारा नियक्त भएका स्थायि तथा करार सेवामा कार्यरत कृतिम गर्भाधानकर्ताको प्रमाण पत्र भएका सवै पशु चिकित्सक,पशु सेवा प्राविधिक र यस पौवादुङमा गाँउपालिका क्षेत्र भित्र कार्य क्षेत्र बनाइ पशु सेवामा काम गर्ने कृतिम गर्भधानकर्ता प्रमाणपत्र भएका निजि पाराभेटहरुलाई समेत परिचालन गरि कृतिम गर्भाधानममा प्रयोग हुने अन्य आवस्यक सवै औजार उपकरण तथा लिक्विड नाइट्रोजन तथा सिमेन गाँउपालिकाको तर्फ वाट उपल्वध गराउने गरि कार्यक्रम गर्न सकिनेछ।

**६. पशु सेवा प्राविधिकको कृतिम गर्भाधान सम्वन्धि जिम्मेवारी तथा कार्यविवरण**

(१) उन्नत जातका पशु उत्पादनको लागि कृतिम गर्भाधान सवै वडाका सवैकृषकहरुमा सेवा सुविधा पुर्याउने ।

(२) पशु सेवा विस्तार कार्यका लागि उन्नत प्रविधि प्रसार गरि गाई तथाभैसीमा अनिवार्य रुपमा कृतिम गर्भाधान गराउनका लागि प्रसार कार्यगर्ने ।

(३) गाउँपालिका भित्र भएका तथा रहेका सम्पुर्ण वस्तुहरुको कृतिम गर्भाधान प्रगति प्रतिवेदन यकिन डाटा अनुसुची ४ अनुसारको ढाँचामा तयार गरीसम्वन्धित इकाईमा मासिक रुपमा पेश गर्ने ।

(४) अनुदानमा आधारीत हुने सम्पुर्ण कृयाकलापहरुको अनुगमन मुल्याँकन निरीक्षण साथै प्राविधिक रुपमा सल्लाह सुझाव परामर्श दिने।

(५) संघ, प्रदेश सरकार तथा स्थानीय निकाय र विभिन्न दातृनिकायहरुवाट कृतिम गर्भाधानका कार्यक्रम भएमा सो कार्य गर्ने गराउने ।

(६) प्राविधिकले अनुसुचि १ बमोजिमको ढाँचामा गाँउपालिकामा निवेदन पेश गर्ने ।

(७) गाँउपालिका र कृतिम गर्भाधान कर्ता विच अनुसुचि ६ वमोजिम दुई पक्षिय सम्झौता गरिने छ।

(८) गाँउपालिकाले अनुसुचि २ बमोजिमको ढाँचामा पशु चिकित्सक,प्राविधिक तथा पारा भेटलाई नियुक्ति दिने।

(९) अनुसुचि ४ बमोजिमको ढाँचामा पशु सेवा इकाइमा महिनाको अन्तिम दिन अनिवार्य प्रगति विवरण पेश गर्ने र विवरण पेश गरे पश्चयात मात्र भुक्तानि गरिनेछ ।

(१०) पशु सेवा इकाइ प्रमुखले मासिक रुपमा अनुसुचि ५ बमोजिमको ढाँचामा गाँउपालिका को कार्यालय तथा माथिल्लो निकायमा महिनाको अन्तिममा प्रगति विवरण पेश गर्नु पर्ने।

(११ ) कृतिम गर्भाधानकर्ता ले गाँउपालिकामा सम्झौता गरे पछि ३६५ दिन नै कृषकलाइ सेवा प्रदान गर्नु पर्नेछ।

**७- सेवा सुविधा प्रवाह तथा वित्तीय व्यवस्थापन:**

१- प्राविधिकहरुलाई गाँउपालिकाले अनुसुची २ बमोजिमको वडा/हरुमा खटाउने छ, कृतिम गर्भाधान कार्यका लागि खटिने छनोट भै सुचिकृत प्राविधिक कर्मचारिहरुले एक पटकको लागि झोला १ थान, रेन कोट १ थान , र गम वुट १ थान प्रदान गरिनेछ। र अन्य कृतिम गर्भाधानमा आवस्यक सामाग्रिहरु गाँउपालिकाबाट उपलव्ध गराइने छ।

२- प्राविधिकहरुले प्रति पशु कृतिम गर्भधान गरे वापत (पारिश्रमिक तथा ईन्धन खर्च) रु १००० प्राप्त गर्ने छन जसमा रु.७०० गाँउपालिका र रु.३०० किसान स्वयमले प्राविधिकलाई तिर्नु पर्ने छ। गाँउपालिकाको तर्फबाट प्रदान गर्ने रकम पशु सेवा शाखाको सिफारिस को आधारमा गाँउपालिकाबाट भुक्तानि गरिनेछ।

३- यस पौवादुङमा गाँउपालिका पशु सेवा इकाइमा नियुक्त अस्थाइ तथा स्थायि कर्मचारिलाई प्रथम पटक कृतिम गर्भाधान सम्वन्धि तालिम लिनको लागि तालिमवापत को सम्पुर्ण खर्च गाँउपालिकाले व्यहोर्ने छ तर तालिम लिने कर्मचारिले तालिम सकियको सात भित्र सम्पर्ण विल भरपाई पेस गर्नु पर्ने छ र पशु सेवा ईकाईको सिफारिसमा रकम भुक्तानि हुनेछ ।

४- गाँउपालिकामा कार्यरत प्राविधिक तथा पशु चिकित्सकको हकमा कार्यालयसमय बाहिरको समयमा मात्र कृतिम गर्भाधान गरेवापत दफा ७ को उपदफा २ मा उल्लेखित सेवा सुविधा प्राप्त गर्ने छन र गाँउपालिकामा कार्यरत प्राविधिक तथा पशु चिकित्सकको हकमा कृतिम गर्भाधानको लागि समझौता गर्नु पर्ने छैन ।

५- पशु पुन दोहोरिएमा कृषकले कृतिम गर्भाधानकर्तालाई रु.२०० दिनु पर्ने छ। पशु पुन दोहोरिए कृतिम गर्भाधान गरे वापत गाँउपालिकाबाट प्राविधिकलाई कुनै रकम प्रदान गरिने छैन ।

६- प्राविधिकले प्रति पशु कृतिम गर्भधान गरे वापत रु २५ गाँउपालिका मा जम्मा गर्नु पर्ने छ।

७- प्राविधिकको सेवा सुविधा पुनरावलोकन गाँउपालिकाको निर्णय वमोजिम हुनेछ।

**८. अनुगमन मूल्याङ्कन तथा सिफारिस समिति व्यवस्था तथा काम कर्तव्यअधिकार**

(१) गाउँ कार्यपालिकाले कार्यपालिका सदस्य, जननिर्वाचितप्रतिनिधी वा विषयगत निकायका पदाधिकारीवाट यस कार्यक्रमको प्रत्यक्ष अनुगमन मूल्याङ्कन गर्न सक्नेछ ।

(२) यस कार्यक्रमको कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी आगामी वर्षकोकार्यक्रम कार्यन्वयन तथा दिगोपनाका लागि देहाय अनुसारको एकसिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| पौवादुङमा गाउँपालिका वडाध्यक्ष मध्येवाट एक जना | सदस्य |

प्रमुख प्रशासकीय अधिकृत सदस्य

सम्वन्धित विषयगत इकाई प्रमुख सदस्य सचिव

(३) साथै कार्यविधिको उदेश्य अनुरुप कार्यको प्रभावकारीता मूल्याँकन गरीआवश्यक निर्णय सहित गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेशगर्नेछ ।

**९.अनुगमन गरी सेवावाट हटाउन सक्नेः**

(१) अनुगमन गर्दा प्रभावकारि रुपमा प्राविधिकले कार्य सम्पादन गर्न नसकेको अवस्थामा अनुगमन मूल्याङ्कन तथा सिफारिस समितिले आवस्यक प्रक्रिया पुरा गरि करार सम्झौता भङग गरि करारबाट हटाउन सक्नेछ ।

**१०. अभिलेख तथा प्रगति प्रतिवेदनः**

(१) यस कार्यक्रमले निर्धारित गरेका सम्पूर्ण अनुसुची अनुसारका कागजपत्रहरुको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायले गर्नु पर्नेछ ।

(२) प्रगति प्रतिवेदन त्रैमासिक/ चौमासिक र वार्षिक रुपमा सम्बन्धित सम्बन्धित विषयगत निकायले गाउँकार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**११. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**१२. परिमार्जन तथा संशोधनः**यो कार्यविधिलाई आवश्यकता अनुसार पौवादुङमा गाँउपालिका गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**अनुसुचि १**

पौवादुङमा गाँउपालिका

कृतिम गर्भाधान संचालन कार्यविधि २०७९

दफा ६ को उप दफा ६ बमोजिम

मितिः..................................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
पौवादुङमा गाँउपालिका, च्याङग्रे, भोजपुर

**विषयः पशुमा कृतिम गर्भाधान संचालनको लागि छनोट गरिदिनुहुन सम्वन्धमा।**

महोदय,

प्रस्तुत विषयमा पौवादुङमा गाँउपालिका पशु सेवा इकाईबाट संचालित कृतिम गर्भाधान कार्यक्रम संचालन गर्नको लागि म पशु प्राविधिक/ पशु चिकित्सक ........................................यस गाँउपालिकामा कार्यरत/ निजि पारा भेट लाई गाँउपालिका भित्र नि-शुल्क कृतिम गर्भाधान कार्यक्रम संचालन गर्नका लागि छनोट गरिदिनुहुन निवेदन पेश गर्दछु।

**कागजातहरुः**

१- शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि

२- कृतिम गर्भाधान सम्वन्धि तालिम लिएको प्रमाण पत्र को प्रतिलिपि

३- नागरिताको प्रमाण पत्र को प्रतिलिपि

......................................................

**निवेदक**

**अनुसुचि २**

पौवादुङमा गाँउपालिका

कृतिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि २०७९

दफा ६ को उप दफा ८ बमोजिम

मितिः.................................

श्री.................................................................

**विषयः** नियुक्ति दिएको सम्वन्धमा।

महोदय,

उपरोक्त सम्वन्धमा पौवादुङमा गाँउपालिका .........................................................बस्ने/ को तपाई श्री ............................लाई कृतिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि २०७९ दफा ७ बमोजिमका क्रियाकलाप तथा कार्यालयले कृतिम गर्भाधानका लागि तोकिएको कार्य गर्न पौवादुङमा गाँउपालिका वडा नं. .........मा कार्यक्षेत्र रहनेगरि नियुक्त गरिएको छ।

.....................................................

प्रमुख प्रशासकिय अधिकृत

**अनुसुचि ३**

पौवादुङमा गाँउपालिका

कृतिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि २०७९

दफा ६ को उप दफा ६ बमोजिम

मासिक/ चौमासिक प्रगति प्रतिवेदन आ.व. ...../.......

| क्र.स. | कृषकको नाम थर | ठेगाना | पशुको किसिम | वेत | उमेर | | सिमेन नं. | कृतिम गर्भाधान मिति | कृषकको सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**पेश गर्ने**

कर्मचारिको नामः

दस्तखतः

मितिः

**प्रमाणित गर्ने**

प्रमुख प्रशासकिय अधिकृत

दस्तखतः

मितिः

**अनुसुचि ४**

पौवादुङमा गाँउपालिका

कृतिम गर्भाधान संचालन कार्यविधि २०७९

दफा ७ को उप दफा ५ बमोजिम

सुरु/पुन दोरिएको अवस्थामा

मासिक/ चौमासिक प्रगति प्रतिवेदन आ.व. …../…….

| क्र.स. | कृषकको नाम थर | ठेगाना | पशुको किसिम | वेत | उमेर | सिमेन नं. | कृतिम गर्भाधान मिति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**पेश गर्ने**

कर्मचारिको नामः

दस्तखतः

मितिः

**प्रमाणित गर्ने**

वडा अध्यक्ष

दस्तखतः

मितिः

**अनुसुचि ५**

पौवादुङमा गाँउपालिका

कृतिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि २०७९

दफा ६ को उप दफा १० बमोजिम

मासिक/ चौमासिक/ वार्षिक प्रगति प्रतिवेदन आ.व.

(मिति साल महिना देखि गते सम्मको)

| क्र.स. | प्राविधिकको नाम | हाल सम्मको प्रगति | कृ.ग. गरेको पशुको किसिम संख्या | | | | जम्मा पशुको संख्या | कैफियत | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाई | भैसि | बाख्रा | बंगुर | | | |
| १ | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**तयार गर्ने**

कर्मचारिको नामः

दस्तखतः

**प्रमाणित गर्ने**

प्रमुख प्रशासकिय अधिकृत

दस्तखतः

**अनुसुचि ६**

पौवादुङमा गाँउपालिका

कृतिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि २०७९

दफा ६ को उप दफा ०७ बमोजिम

**कृतिम गर्भाधान संचालन सेवाको लागि सम्झौता पत्र २०७९**

पौवादुङमा गाँउपालिकाबाट संचालन गरिने चालु आ.व................. मा कृतिम गर्भाधान सेवा संचालन गर्न पौवादुङमा गाँउपालिका(पहिलो पक्ष) विशिष्टताको आधारमा छनोट भएका युवा निजि कृतिम गर्भाधान कर्ता तथा पारा भेट श्री/सुश्री/श्रीमती ...................................(दोस्रो पक्ष) विच तपशिलका शर्तनामाहरु गराइ कार्यक्रम सम्पन्न गर्ने सम्झौता/सहमति भएको छ।

**तपशिल**

१- पहिलो पक्षले दोस्रो पक्षलाई कृतिम गर्भाधान गरे वापत सम्झौता अनुसार हरेक महिना कार्यविधि अनुसार नगद/चेक उपलव्ध गराइनेछ।

२- दोस्रो पक्षले पहिलो पक्षबाट आवस्यक प्राविधिक जानकारि प्राप्त गरि आफूले आवेदन गरे अनुसारको कृतिम गर्भाधान कार्य संचालन गर्ने छ।

३- दोस्रो पक्षले कृतिम गर्भाधान गर्न आफुलाई तोकिएको वडा/हरु वा स्थानमा यथा समयमा अनिवार्य उपस्थित भइ कृतिम गर्भाधान कार्य गराउनु पर्नेछ।

४- पहिलो पक्षले नियमितरुपमा दोस्रो पक्षले कृतिम गर्भाधान कार्य संचालन गरे नगरेको अनुगमन गर्ने छ।

५- दोस्रो पक्षले यस कार्यालयमा कृतिम गर्भाधान कार्य गरेको प्रगति विवरण मासिक रुपमा पशु सेवा शाखामा बुझाउनु पर्ने छ।

६- यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जिम्वेवार हुने छैन र सो को जानकारि पहिलो पक्षलाई तुरुन्त जानकारि गराउनु पर्ने छ।

७- यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन वमोजिम हुने छ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| पौवादुङमा गाँउपालिका को कार्यालयको तर्फबाट | कृ.ग.कर्ताको तर्फबाट |
| नामः | नामः |
| पदः प्र प्र अ | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | सम्पर्क नं. |

**रोहवर सम्वन्धित शाखाको तर्फबाटः**

नामः

पदः

दस्तखतः

मितिः

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत